

# इन्टु मिन्टु लन्डनमा टिजर

कोरियोग्राफर रेनेशा वान्तवा राईद्वारा निर्देशित फिल्म इन्टु *मिन्टु लन्डनमा*को टिजर सार्वजनिक गरिएको छ। यो आकर्षक टिजरमा साम्राज्ञी राज्यलक्ष्मी शाह र डेब्यु हिरो धिरज मगरको केमेस्ट्री र प्रेमलाई केन्द्रित गरिएको छ।

कोरियोग्राफीमा नाम कमाएपछि फिल्म निर्देशनमा आएकी रेनेशाले फिल्म पूर्णतया प्रेमकथामा बनेको र यही फिल्मका लागि करिब डेढ वर्षसम्म कोरियोग्राफीका अफर स्वीकार नगरेको बताइन्। 'मेहनतपूर्वक राम्रो फिल्म बनाएको छौं' -रेनेशाले भनिन्। ६५ प्रतिशत छायांकन कार्य लन्डनमा गरिएको फिल्म आई कोर फिल्म्स्‌को ब्यानरमा प्रभु शमशेर जबरा र प्रज्ज्वल शमशेर जबराले निर्माण गरेका छन् भने सुलेखा राई, वसन्त तामाङ र सुष्मिता जिरेल सहनिर्माता रहेका छन्। निर्देशक रेनेशा र निर्माता प्रज्ज्वल शमशेरको कथा रहेको फिल्ममा शारुक ताम्राकार पनि मुख्य भूमिकामा छन्। आगामी असोज ५ गतेका लागि रिलिज डेट तोकिएको फिल्ममा लेखन अभिमन्यू दीक्षित र रेनेशा, संवाद आभाष कर्माचार्य, संगीत सुजिल कर्माचार्य, हर्कुलस बस्नेत, स्वप्न सुमन र वसन्त सापकोटा र छायांकन शैलेन्द्रध्वज कार्कीको रहेको छ।

# टोकियोमा दिलिपको रमिता

टोकियो, जापान, (नेस)। नायक दिलिप रायमाझी र नायिका रजनी केसीको विशेष भूमिका रहेको फिल्म *रमिता*को जापानमा विशेष प्रदर्शन हुने भएको छ।

आगामी जुलाई १६ तारिक सोमबारका दिन टोकियो नाकानो जिरो हलमा *रमिता*को नायक दिलिप रायमाझीसँगै नायिका रजनीसमेतको सहभागितामा रेड कार्पेट प्रिमियर गर्न लागिएको हो। जापानका युवा व्यवसायी ईश्वरीप्रसाद कँडेलको निर्माणमा तयार गरिएको फिल्म नेपाली युवाको कथालाई समेटेर तयार पारिएको छ। आगामी अगस्टबाट नेपालमा प्रदर्शन हुने तयारीमा जुटेको गाउँले परिवेशमा युवाको वास्तविक कथालाई समेटेर हास्यव्यंग्यरूपमा तयार गरिएको फिल्मको मिक्सिङ र सम्पादनको कार्य पूरा भइसकेको निर्माता कँडेलले जानकारी दिए।

रञ्जितकुमार क्षेत्रीको निर्देशनमा तयार गरिएको फिल्ममा पहलाद सुवेदीको कथामा नायक दिलिपलाई रजनी केसी, विपासा बिसी, रिना थापा मगरको साथ रहेको छ भने सन्दीप कुर्लाकोटी, विनोद श्रेष्ठ र सुरवीर पण्डितले पनि साथ दिएका छन्। पोखरा, मुस्ताङ, बागलुङ, पर्वत र काठमाडौंलगायतका रमणीय स्थानमा छायांकन गरिएको फिल्मले दिलिप रायमाझीको नायकीलाई फेरि एकपटक पुनरागमन गर्ने अपेक्षा गरिएको छ।

फिल्ममा लोक दोहोरी गीतमा चर्चा कमाएका गायक सूर्य खड्काको स्वरबद्ध गीतलाई प्रमुख आकर्षण मानिएको छ।





# प्रियंका बिहे छिन्दै?

बलिउड नायिका प्रियंका चोपडाले अब एक महिनाभित्रै हलिउड गायक निक जोनससँग विवाहको कुरा छिन्ने भएकी छिन्।

बलिउड ग्ल्यामर म्यागेजिन फिल्म फेयरमा प्रकाशित समाचारलाई पत्याउने हो भने निकसँगको सम्बन्धलाई उनले औपचारिकता दिन लागेकी छिन्। समाचारमा प्रियंकाको नजिक स्रोतलाई उद्धृत गर्दै भनिएको छ- 'जुलाइको अन्त्यसम्म वा अगस्टको शुरूतिर प्रियंकाले निकसँग इंगेजमेन्ट गर्नेछिन्। उनी आफ्नो विवाहको कुरा अगाडि बढाउनका लागि निकलाई आफ्नो आफन्तजनसँग भेटाउन घरमा लगेकी हुन्।'

केही दिनअघि हलिउड सिरिज *क्वाटीको*को सुटिङ पूरा गरी मुम्बई पुगेकी प्रियंकाले आफ्नो फ्ल्याटमा एक फ्यामली पार्टी आयोजना गरेकी थिइन्, जहाँ उनले निकलाई आफ्ना साथीभाइसँग चिनाएकी थिइन्। पछिल्लो समय गोवामा निकका साथ छुट्टी मनाउन गएकी उनका साथ भाइ सिद्धार्थ कपुर र परिणिती चोपडा पनि थिए।

हालै मात्र पनि प्रियंका भारता प्रख्यात उद्योगपति मुकेश अम्बानीका छोरा आकाश अम्बानीको प्रिइंगेजमेन्ट पार्टीमा सहभागी थिइन्। जहाँ उनको साथमा निक पनि देखिएका थिए।




## धरहरा

# अचम्मको ढुकुटी



वर्तमान सत्ता साझेदार दल (विगतका एमाले र माओवादी) गत मंसिरमा राम्रै साँठगाठका साथ चुनावमा होमिएका थिए। साँठगाठ राम्रै भएर हो क्यार वाम दलले अपेक्षा गन्याभन्दा बढी सिटमा कब्जा जमायो। वाम दलको साझा घोषणापत्र, साझा अभियान, अनि आश्वासन पनि साझा थियो। आश्वासनका धेरै बुँदामध्ये वृद्धभत्ता पनि निकै प्राथमिकताको सूचीमा थियो क्यार।

चुनावपछि ओली सरकार बन्यो तर आश्वासनलाई मारियो गोली। सामाजिक सुरक्षा भत्ता (वृद्धभत्ता) कै कुरा गरौं, चुनावका बेला ओलीसहित नेताले वृद्धभत्ता दोब्बर बनाउँछौं, घर-घरै पुन्याउँछौं भन्या कुरा आम नेपालीले बिर्सने कुरै भएन। तर पीएम ओलीले केही दिनअघि भन्न भ्याए- 'ढुकुटीमा पैसा भएपो वृद्धभत्ता बढाउनु, अघिल्लो (देउवा) सरकारले ढुकुटी रित्तो पान्या छ।' उनको तर्क ठीकै हो, खल्ती दह्रो भए पो खर्च गर्नु।

तर हिजो-आज सुनिँदैछ- 'पूर्वविशिष्ट अधिकारीको सेवा/सुविधा बढ्ने भएको छ', 'कमेड ओलीले २ नयाँ गाडी थपे।' उनकै क्याबिनेटका पर्यटनमन्त्री अधिकारीले १ सयभन्दा संघसंस्थालाई चरण-चरणमा ६० करोड बाँडेको खबर पनि छताछुल्ल भएको छ। सरकारी ढुकुटीमा भएकै खर्च बाँड्या त होला नि, कि दातृ निकायको कृपामा प्राप्त भएको हो पीएम ओलीज्यू ? अनि जनतालाई बाँड्न मिल्ने ढुकुटीचाहिँ देउवा सरकारले रित्तो पान्या होला, धरहराले बुझ्या यही हो।




Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ